श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
दर्ता नं: 606
दर्ता मिति: 2080/6/19

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## साइबर सुरक्षा शाखा

## सिंहदरबार, काठमाडौं

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

प.सं. :- ०८०/८१ मिति :- २०८०/०७/१६
च.नं. :- सा.सु./९३७

विषय: जानकारी गराइएको सम्बन्धमा ।

श्री सबै मन्त्रालय
काठमाडौं

प्रस्तुत विषयमा, सूचना प्रविधिको विकास तथा बढ्दो प्रयोगसँगै देखिएको साइबर सुरक्षा जोखिमको पहिचान, त्यसबाट हुने असरको न्यूनीकरण र आकस्मिक साइबर सुरक्षाको व्यवस्था गर्ने उद्देश्य अनुरुप नेपाल सरकारले सूचना प्रविधि आकस्मिक सहायता समूह सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७५ जारी गरेको छ।

उक्त निर्देशिकामा व्यवस्था भएअनुसार यस मन्त्रालय परिसरमा स्थापना भई सञ्चालनमा रहेको राष्ट्रिय साइबर सुरक्षा अनुगमन केन्द्रबाट हाल नेपाल सरकारको एकिकृत डाटा केन्द्रमा रहेका सूचना प्रणालीहरु लगायत केही निकायका सूचना र नेटवर्क प्रणालीहरुको २४/७ अनुगमन भइरहेको छ । साथै सम्बन्धित निकायहरुले आफ्नो प्रणालीको आफै अनुगमन गर्नको लागि उक्त निकायको प्रणाली मात्र देखिने गरी छुट्टै Window प्रदान गर्ने व्यवस्था गरिएको छ।

यसका साथै सूचना प्रविधि आकस्मिक सहायता समूहको वेवसाइट www.nitert.gov.np बाट साइबर सुरक्षासँग सम्बन्धित Incident Report गरी विज्ञ सेवा लिन सकिने गरी सञ्चालनमा ल्याइएको व्यहोरा अवगत गराउँदै तहाँ मन्त्रालय र अन्तर्गतका निकायहरुमा सञ्चालनमा रहेका महत्वपूर्ण सूचना प्रणालीहरु राष्ट्रिय साइबर सुरक्षा अनुगमन केन्द्रमा आवद्ध गराउनुहुनका लागि आदेशानुसार अनुरोध छ।

सम्पर्क व्यक्तिः

कम्प्युटर इन्जिनियर शरोज पोखरेल

मोबाइल नम्बरः ९८४९१५४६३१

कम्प्युटर इन्जिनियर सोनम पृया

मोबाइल नम्बरः ९८१९६४०७५७

प्रमाणित डिजिटल हस्ताक्षर
डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Sonam Priya
sonam.priya@nepal.gov.np

.....................................

(सोनम पृया)
कम्प्युटर इन्जिनियर